# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।१२ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

सीमा प्रहरी चौकी टिमुरे रसुवामा कार्यरत प्रहरी कर्मचारीसमेतले राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको सम्मानित विशेष अदालत, काठमाडौंमा दर्ता भएको मुद्दामा सरकारी साक्षीका रुपमा पेश गरिएकी जिल्ला दोलखा, शैलुङ्गेश्वर गा.पा. बस्ने कल्याणी सुबेदीले प्रतिकूल बकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा श्री विशेष अदालत, काठमाडौंमा दर्ता भएको राजश्व चुहावटसमेत गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा सुन बिक्री गर्न ल्याउँदा राख्न दिएकोमा राखिदिएको भनी कल्याणी सुवेदीलाई उक्त मुद्दाको अनुसन्धानको क्रममा सहयोग गरेको कारण निजलाई प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले श्री विशेष अदालत, काठमाडौंसमक्ष उपस्थित भई वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएका कागजात व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम निजउपर पुनः मुद्दा दायर गर्न सकिने हुँदा निज कल्याणी सुवेदी उपर बिगो रु.६,७७,५९९।– (छ लाख सतहत्तर हजार पाँच सय उन्नान्सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल